## उच्च अदालत दिपायलबाट जारी भएको सूचना

कोरोना भाइरस(कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन लगायतका विभिन्न भेरिएन्टका कारण उत्पन्न विषम र असहज परिस्थिति उत्पन्न भएको, केही कर्मचारीहरुमा सङ्क्रमण देखिएको सन्दर्भमा यस अदालतको कार्य प्रकृति अनुसार अदालतमा हुने उपस्थिति र भिडभाडलाई आवश्यक ब्यवस्थापन गरी सेवाग्राही, अदालतमा कार्यरत जनशक्ती, कानून ब्यवसायी एवं अदालतमा अन्य सरोकारवालाहरुको स्वास्थ्य सुरक्षा र रोग संङक्रमणको जोखिम न्यूनिकरण गर्न अति आवश्यक हुँदा मुद्दा सुनुवाईका कार्यहरु ब्यवस्थित ढंगले सिमित संख्यामा संचानल गर्न उपयुक्त देखिएकोले मिति २०७८/१०/१२ देखि २०७८/१०/१८ गते सम्म उच्च अदालत दिपायलमा देहाय बमोजिमका विषयमा सुनुवाई गर्ने भनी मिति २०७८।१०।११ को वार बेञ्चको बैठकबाट निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१. **सेवा प्रवाह सम्बन्धमाः**

क) बन्दीप्रत्यक्षीकरण तथा कोभिड महामारी सँग सम्बन्धित अत्यन्त जरुरी प्रकृतिका रिट निवेदनहरुको नियमित रुपमा दर्ता र सुनुवाई गर्ने।

ख) थुनुवा भएका मुद्दाको सुनुवाई गर्ने।

ग) मुद्दा फिर्ता, तामेली एवं मिलापत्र सम्बन्धी काम कारवाही नियमित रुपमा संचालन गर्ने।

घ) नेपाल सरकारको तर्फबाट दर्ता भएका प्रत्यर्थी झिकाउने आदेश नभएका पुनरावेदनको सुनुवाई गर्ने।

ङ) मुद्दादर्ता गर्ने, पेशी र अन्य तारेख दिने लगाएतका काम कारवाही जनस्वास्थ्यका निर्धारित मापदण्ड अनुसार सामाजिक दुरी कायम गरी भिडभाड हुन नदिने लगाएतका कुराको पूर्ण परिपालना गर्ने गरी संचालन गर्न उच्च अदालत प्रशासनले व्यवस्थापन गर्ने।

च) अदालतहरुमा अनावश्यक रुपमा भिडभाड हुन नदिन अति आवश्यक र न्युन संख्याको जनशक्तिबाट आलोपालो मिलाई अदालतको काम कारवाही संचालन गर्न रजिष्ट्रारले ब्यवस्था मिलाउने।

मितिः २०७८।१०।११

७८।१०।११

नर बहादुर नेगी
शाखा अधिकृत